# आर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा

# सारांश

*पृष्ठभूमि*

१. दिगो आर्थिक वृद्धिको लागि मूल्य स्थिरता, वाह्य तथा वित्तीय क्षेत्र स्थायित्व र सर्वसाधारणमा वित्तीय पहुँच अभिवृद्धिका लागि वित्तीय प्रणालीको सम्वर्द्धन लगायतका प्रमुख उद्देश्यहरु राखी आर्थिक वर्ष २०६९/७० को मौद्रिक नीति २०६९ साउन १० गते सार्वजनिक गरिएको थियो । मौद्रिक नीति कार्यान्वयनमा आएपश्चात्को ६ महिनाको अवधिमा निजी क्षेत्रतर्फको कर्जा उल्लेख्य रुपमा बढेको, शोधनान्तर स्थिति बचतमा रहेको र विदेशी विनिमय सञ्चिति सन्तोषजनक अवस्थामा रहेको छ । मूल्य वृद्धिदर उच्च रहेपनि पछिल्लो समयमा मूल्य वृद्धिको चाप कम हुँदै गएको छ । शेयर बजारमा सुधार आएको छ । वित्तीय परिसूचकहरुको स्थिति सन्तोषजनक रहेतापनि आर्थिक वृद्धिदर लक्ष्य भन्दा कम हुने अवस्था छ ।

*आन्तरिक आर्थिक स्थिति*

२. अपर्याप्त मनसुनी वर्षाका कारण चालू आर्थिक वर्षमा कृषि क्षेत्रको वृद्धिदर न्यून हुने देखिएको छ । त्यसैगरी, राजनैतिक अस्थिरता, अपर्याप्त विद्युत आपूर्ति, पूँजीगत खर्चमा शिथिलता लगायतका विविध संरचनात्मक अवरोधहरुका कारण गैर-कृषि क्षेत्रको विस्तार समेत अपेक्षित रुपमा हुन नसक्ने देखिएको छ ।

३. चालू अर्थिक वर्षको छैठौं महिनामा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीतिदर ९.८ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीतिदर ६.८ प्रतिशत थियो । यस वर्ष खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धि ९.६ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि १०.२ प्रतिशत रहेको छ ।

४. आर्थिक वर्ष २०६९/७० को ६ महिनामा नेपाल सरकारको बजेट वचतमा रही नेपाल राष्ट्र बैंकसँग रु. ४४ अर्ब ६५ करोड नगद (गत वर्षको बचत समेत समावेश) मौज्दात रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मौज्दात रु. २४ अर्ब ४ करोड रहेको थियो । चालू आर्थिक वर्षमा सरकारी खर्चमा ह्रास आएकोले उच्च नगद मौज्दात कायम भएको हो ।

५. सरकारको कुल खर्च (नगद प्रवाहमा आधारित) अघिल्लो वर्षको सोही अवधिमा ४०.१ प्रतिशतले वृद्धि भएको तुलनामा ५.४ प्रतिशतले घटी २०६९ पुस मसान्तसम्ममा रु. १०७ अर्ब २१ करोड भएको छ भने कुल साधन परिचालन ७.५ प्रतिशतले वृद्धि भई रु. १४७ अर्ब ६४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो साधन परिचालन ३३.० प्रतिशतले वृद्धि भएको थियो ।

६. आर्थिक वर्ष २०६९/७० को ६ महिनासम्ममा रु. ६ अर्ब ७ करोड शोधनान्तर बचत भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ६६ अर्ब ७२ करोड बचत रहेको थियो । समीक्षा अवधिमा वस्तु आयातमा उल्लेख्य वृद्धि भएको, खुद सेवा आय घाटामा रहेको, वैदेशिक अनुदानमा कमी आएको र विप्रेषण आप्रवाहको वृद्धिदर कम रहेको कारण चालू खाता बचत अघिल्लो वर्षको रु. ३१ अर्ब ९९ करोडको तुलनामा यो वर्ष रु. ४ अर्ब ४१ करोड मात्र रहेको छ ।

७. वाह्य व्यापारतर्फ, गत वर्षको ६ महिनामा १५.४ प्रतिशतले बढेको वस्तु निर्यात चालू आर्थिक वर्षको सोही अवधिमा १०.२ प्रतिशतले बढेको छ भने गत वर्षको ६ महिनामा १७.० प्रतिशतले बढेको वस्तु आयात २४.६ प्रतिशतको उच्च दरले बढेको छ । फलस्वरुप व्यापार घाटा २७.९ प्रतिशतले बढेको छ ।

८. चालू आर्थिक वर्षको ६ महिनासम्ममा विप्रेषण आप्रवाह गत वर्षको सोही अवधिमा ३७.१ प्रतिशतले वृद्धि भएको तुलनामा २१.८ प्रतिशतको दरले मात्र बढेको छ ।

९. आर्थिक वर्ष २०६९/७० को ६ महिनामा विदेशी विनिमय सञ्चिति २.६ प्रतिशतले वृद्धि भई २०६९ पुसमा रु. ४५० अर्ब ८० करोड पुगेको छ । सो सञ्चिति १०.२ महिनाको वस्तु र ८.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने सुविधाजनक अवस्थामा रहेको छ ।

*मौद्रिक स्थिति*

१०. गत आर्थिक वर्षको ६ महिनामा विस्तृत मुद्राप्रदाय १०.२ प्रतिशतले बढेको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा ४.८ प्रतिशतले बढेको छ । त्यसैगरी, संकुचित मुद्राप्रदाय अघिल्लो आर्थिक वर्षको ६ महिनामा २.६ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ०.३ प्रतिशतले घटेको छ ।

११. बैंकिङ्ग क्षेत्रको नेपाल सरकारमाथिको खुद दावी गत वर्षको ६ महिनामा रु. २७ अर्ब ४७ करोड (१६.८ प्रतिशत) ले घटेको तुलनामा समीक्षा अवधिमा रु. ४२ अर्ब ३६ करोड (२६.० प्रतिशत) ले घटेको छ। सरकारको साधन परिचालनको तुलनामा सरकारी खर्च कम भई रु. ४४ अर्ब ६५ करोड सरकारी नगद मौज्दात रहेको कारण सरकार माथिको दावीमा ह्रास आएको हो।

१२. अघिल्लो आर्थिक वर्षको ६ महिनासम्म ४.९ प्रतिशत (रु. ३५ अर्ब ९५ करोड) ले मात्र बढेको निजी क्षेत्रतर्फको कर्जा समीक्षा अवधिमा १२.३ प्रतिशत (रु. ९९ अर्ब २६ करोड) ले बढेको छ।

१३. आर्थिक वर्ष २०६८/६९ को ६ महिनामा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन १०.४ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ५.३ प्रतिशतले बढेको छ। तर वार्षिक विन्दुगत आधारमा भने २०६९ पुस मसान्तमा यस्तो निक्षेप परिचालन १७.३ प्रतिशतले वृद्धि भएको छ।

१४. गत आर्थिक वर्षको ६ महिनासम्ममा ४.६ प्रतिशत (रु. ३१ अर्ब ९४ करोड) ले मात्र बढेको बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा समीक्षा अवधिमा १२.३ प्रतिशत (रु. ९५ अर्ब ७७ करोड) ले बढेको छ। वार्षिक विन्दुगत आधारमा भने २०६९ पुस मसान्तमा यस्तो कर्जा २०.५ प्रतिशतले वृद्धि भएको छ।

१५. आर्थिक वर्ष २०६९/७० को ६ महिनासम्म बैंक तथा वित्तीय संस्थाहरुको कर्जा विस्तार उच्च रहेको तुलनामा निक्षेपको वृद्धिदर कम रहेको कारण तरल कोष १५.१ प्रतिशत (रु. ३० अर्ब ३० करोड) ले घटेको छ। तथापी तरलता अनुपात औसत २९.५ प्रतिशत रहेको छ जुन सहज स्थिति हो।

१६. समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले सोझै बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरेको छ। अघिल्लो आर्थिक वर्षको ६ महिनामा खुद रु. ७ अर्ब ६६ करोड बराबरको तरलता प्रशोचन भएको थियो।

१७. आर्थिक वर्ष २०६९/७० को ६ महिनामा बैंक तथा वित्तीय संस्थाहरुले रु. १ अर्ब ५९ करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरेका छन्। त्यसैगरी, यस अवधिमा रु. १०१ अर्ब ८२ करोड बराबरको अन्तर-बैंक कारोबार भएको छ।

१८. आर्थिक वर्ष २०६९/७० को ६ महिनामा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब १९ करोड खुद खरिद भई रु. १०३ अर्ब ३४ करोड तरलता प्रवाह भएको छ।

## वित्तीय र वाह्य क्षेत्र कार्यक्रमहरुको कार्यान्वयन स्थिति

*वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण*

१९. बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने नीति उच्च प्राथमिकताका साथ अघि बढाइएको छ। सो अनुसार, चालू आर्थिक वर्षको ६ महिनामा २२ वटा बैंक तथा वित्तीय संस्थाहरु एक-आपसमा गाभिएर १० वटा संस्था बनेका छन् भने २ वाणिज्य बैकहरु लगायत २८ बैंक तथा वित्तीय संस्थाहरुलाई एक-आपसमा गाभिएर १२ वटा संस्था बन्न यस बैंकले सैद्धान्तिक सहमति प्रदान गरिसकेको छ।

२०. २०६९ पुस मसान्तसम्ममा कायम भएको बैंक तथा वित्तीय संस्थाको शाखाबाट औसतमा करिब ८.७ हजार जनसंख्याले सेवा प्राप्त गरेको देखिन्छ। २०६९ असारमा यस्तो अनुपात ९ हजार रहेको थियो।

२१. साना तथा मझौला निक्षेपकर्ताहरुको बैंक निक्षेपलाई सुरक्षण गराउँदै लैजाने उद्देश्य अनुरुप २०६९ पुस मसान्तसम्ममा १८५ बैंक तथा वित्तीय संस्थाहरु मार्फत ८३ लाख १८ हजार निक्षेपकर्ताहरुको रु. २१६ अर्ब ८२ करोडको निक्षेप सुरक्षण भएको छ।

२२. कृषि, उर्जा, भौतिक पूर्वाधार जस्ता राष्ट्रिय प्राथमिकताका क्षेत्रमा सहयोग पुऱ्याउने विशेष प्रकृतिका नयाँ वित्तीय संस्थाहरु बाहेक अन्य वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरु खोल्न इजाजतपत्र दिने कार्य स्थगित नै छ।

२३. आर्थिक वर्ष २०६८/६९ मा नेपाल सरकारबाट राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रु. ४ अर्ब ३२ करोड पूँजी प्रवाह गरिनुका साथै रु. ३ अर्ब ४७ लाख बराबरको एस.डी.आर. कर्जालाई पनि शेयर पूँजीमा परिणत गरिएको र नेपाल बैंक लिमिटेडको पूँजी रु. १ अर्ब २९ करोड बढाइएकोले यी दुई बैंकहरुको ऋणात्मक पूँजीकोष उल्लेख्य रुपमा घटेको छ।

२४. बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी, वहुव्यवसायिक लगानी र एउटै व्यक्ति वा संस्थाको एक भन्दा बढी वित्तीय संस्थाहरुमा रहेको लगानी सम्बन्धी अध्ययन कार्य भइरहेको छ।

२५. बैंक तथा वित्तीय संस्थाहरुको कर्जाको ब्याजदर निर्धारण प्रक्रियालाई पारदर्शी एवम् प्रतिस्पर्धी बनाउने उद्देश्यले वाणिज्य बैंकहरुले कर्जाको आधार-ब्याजदर (Base Rate) मासिक रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ । यो व्यवस्था क्रमशः विकास बैंक तथा वित्त कम्पनीहरुमा समेत लागू गर्दै लगिने छ ।

२६. दिगो, स्वस्थ र समावेशी वित्तीय प्रणालीको विकास गर्ने उद्देश्यले वित्तीय क्षेत्र विकास रणनीति (Financial Sector Development Strategy) तयार गर्ने कार्य अघि बढाइएको छ ।

२७. चालू आर्थिक वर्षमा २० बैंक तथा वित्तीय संस्थाहरु छनौट गरी Diagnostic Review गर्ने लक्ष्यको तुलनामा समीक्षा अवधिमा ७ वाणिज्य बैंक, २ विकास बैंक र २ वित्त कम्पनीहरुको यस्तो Review कार्य सम्पन्न भइसकेको छ ।

२८. पाँचवटा ग्रामीण विकास बैंकहरुलाई एक-आपसमा गाभिन सैद्धान्तिक सहमति प्रदान गर्नुको साथै यी बैंकहरुको Due Diligence Audit गराउने प्रकृया अगाडि बढाइएको छ ।

*विदेशी विनिमय व्यवस्थापन*

२९. वाणिज्य बैंकहरुले आफ्नो विदेशी एजेन्सी बैंकहरुमा रहेको मौज्दातबाट आफ्नो दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी मौज्दातमा रहेको रकमको बढीमा ३० प्रतिशतसम्म २ वर्षे अवधिसम्मको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य न्यून जोखिम भएका उपकरणहरुमा लगानी गर्न सक्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।

३०. Pre-shipment तथा Post-shipment कर्जा प्रदान भएको दिनमा नै सम्बन्धित वाणिज्य बैंकलाई पुनरकर्जा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । सो अनुसार चालू आर्थिक वर्षको हालसम्मको अवधिमा स्वदेशी मुद्रामा करिव रु २९ करोड र विदेशी मुद्रामा अमेरिकी डलर २६ लाख निर्यात पुनरकर्जा उपलब्ध गराइएको छ ।

३१. परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न सकिने वस्तुहरुको संख्या बढाई २०६९ पुस मसान्तसम्ममा १६१ पुऱ्याइएको छ ।

३२. विदेशी मुद्रामा खाता भएका नेपाली नागरिकले आफ्नो खातामा रहेको विदेशी मुद्रा मौज्दातबाट प्रतिवर्ष एकपटक अमेरिकी डलर ५ हजारसम्म वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा औचित्यको आधारमा विदेशी मुद्रामा नै उपयोग गर्न पाउने व्यवस्था कार्यान्वयन भइसकेको छ ।

३३. मौद्रिक नीतिमा उल्लेख भएका विदेशी विनिमय सम्बन्धी अधिकांश नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा आइसकेका छन् ।

*लघुवित्त तथा वित्तीय पहुँच*

३४. समूहमा आवद्ध भएका ऋणी सदस्यहरुलाई बैंक तथा वित्तीय संस्थाहरुमार्फत् लघुउद्यम वा लघुव्यवसाय संचालन गर्न सामूहिक जमानीमा प्रदान गरिने कर्जाको सीमा क्रमशः वृद्धि गरी प्रति समूह सदस्य रु. १ लाखसम्म र स्वीकारयोग्य धितोमा प्रदान गरिने कर्जाको हकमा रु. ३ लाखसम्म लघुकर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

३५. नवीकरणीय ऊर्जा प्रविधि अन्तर्गत Solar Home Systems र/वा Bio-gas प्रयोजनको लागि प्रति परिवार बढीमा ६० हजार रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको र समूहमा आवद्ध नभएका न्यून आय भएका व्यक्तिलाई धितो लिई बढीमा रु. ६० हजारसम्मको यस्तो कर्जा प्रदान गर्न सकिने व्यवस्था भइसकेको छ । नवीकरणीय उर्जाको उपयोगलाई बढवा दिन यसमा पुनरावलोकन गरिंदैछ ।

३६. चालू आर्थिक वर्षको अन्त्यसम्ममा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुले विपन्न वर्ग कर्जा अनुपात क्रमशः ४.० प्रतिशत, ३.५ प्रतिशत र ३.० प्रतिशत पुऱ्याउनु पर्ने निर्देशन बमोजिम २०६९ पुस मसान्तसम्म यी बैंक तथा वित्तीय संस्थाहरुले क्रमशः ३.९ प्रतिशत, ३.५ प्रतिशत र २.७ प्रतिशत पुऱ्याएका छन् ।

३७. वित्तीय साक्षरतालाई अगाडि बढाउन विभिन्न पुस्तिकाहरु प्रकाशन गर्नुको साथै सूचनामूलक सामाग्रीहरु राष्ट्रिय स्तरका सञ्चार माध्यमबाट प्रशारणगरी प्रचार-प्रसार गरिएको छ ।

*आर्थिक तथा मौद्रिक परिदृश्य*

३८. चालू आर्थिक वर्षमा समग्र आर्थिक वृद्धिदर लक्षित ५.५ प्रतिशतको तुलनामा ४.१ प्रतिशत रहने संशोधित अनुमान छ । मौसम प्रतिकूलताले कृषि क्षेत्रको उत्पादनको वृद्धिदर ०.७ प्रतिशत रहने र पूँजीगत खर्चमा ह्रास

आएको एवम् लोडसेडिङको अवस्थामा पनि सुधार हुन नसकेको कारण गैर-कृषि क्षेत्र ५.४ प्रतिशतले बढ्ने अनुमान रहेकोले समग्र आर्थिक वृद्धिदर लक्ष्य भन्दा कम हुने देखिएको हो ।

३९. आन्तरिक उत्पादनको वृद्धिदरमा न्यूनता आएको र छिमेकी मुलुक भारतमा मुद्रास्फीतिमा उच्च चाप रहेको कारण मुद्रास्फीतिदर औसत ९.५ प्रतिशत कायम हुने प्रक्षेपण रहेको छ ।

४०. मौद्रिक सन्तुलन कायम गर्न विस्तृत मुद्रा प्रदायको वृद्धिदर १५.० प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा मुद्रा प्रदाय लक्षित सीमाभित्रै रहने देखिन्छ ।

४१. शोधनान्तर स्थिति बचतमा रही २०७० असारसम्म विदेशी विनिमय सञ्चितीले ८.५ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने प्रक्षेपण रहेको छ ।

४२. निजी क्षेत्रको कर्जा लक्ष्य अनुरुप १६.० प्रतिशतले वृद्धि हुने देखिएको छ ।

४३. आर्थिक वर्ष २०६९/७० मा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप परिचालन १५.१ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेकोमा १३.१ प्रतिशतले मात्र वृद्धि हुने संशोधित अनुमान रहेको छ ।

*मौद्रिक नीतिको कार्यदिशा तथा व्यवस्थापन*

४४. विगत केही वर्षदेखि मुद्रास्फीतिदर उच्च रहेको सन्दर्भमा मौद्रिक एवम् कर्जा योगाङ्कहरुलाई लक्षित सीमाभित्र राखी माग-प्रेरित मूल्य नियन्त्रणतर्फ मौद्रिक नीति केन्द्रित गरिने छ ।

४५. आगामी दिनमा बैंक तथा वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा देखिन सक्ने उत्तार चढावको सुक्ष्म विश्लेषण गर्दै मौद्रिक र विवेकशील नियमनका उपकरणहरुलाई उचित समन्वय गर्दै लगिने छ ।

४६. वित्तीय संस्थाहरुको उपस्थिति नभएका एवम् न्यून भएका दुर्गम जिल्ला र वित्तीय सेवा पर्याप्त नभएका अन्य क्षेत्रहरुमा समेत वित्तीय संस्थाहरुको स्थापनालाई प्रोत्साहित गर्नुको साथै बैंक तथा वित्तीय संस्थाहरुका शाखा विस्तार एवम् शाखा रहित र मोबाइल बैंकिङ्ग सेवा प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

४७. वित्तीय साक्षरता अभिवृद्धि गरी अनौपचारिक वित्तीय कारोबारलाई निरुत्साहित गर्दै जाने र विपन्न वर्ग कर्जा कार्यक्रमलाई प्रभावकारी बनाई गरिव तथा पिछडिएका वर्गको आय-आर्जन तथा रोजगारी सृजनामा योगदान पुऱ्याउँदै वित्तीय प्रणालीलाई समावेशीकरण गर्दै जानेतर्फ पनि मौद्रिक नीतिको जोड रहने छ ।

४८. चालू आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइएको कर्जाको आधार दरको प्रभावकारी कार्यान्वयन गर्दै बैंक तथा वित्तीय संस्थाहरुको ब्याजदर संरचनामा थप सुधार गर्न प्रभावकारी उपायहरु अवलम्बन गर्दै लगिने छ ।

४९. ब्याजदर संरचनालाई वाञ्छित स्तरमा राख्न रिपो बोलकबोल एवम् रिभर्स रिपो बोलकबोल र सोझै बिक्री बोलकबोल एवम् खरिद बोलकबोल जस्ता खुला बजार उपकरणहरुको सक्रिय उपयोग गरिने छ ।

५०. चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भएका अनिवार्य नगद मौज्दात अनुपात, वैधानिक तरलता अनुपात, बैंकदर, पुनरकर्जादर र विशेष पुनरकर्जाको विद्यमान व्यवस्थाहरुलाई यथावत कायम राखिएको छ ।

*अन्त्यमा,*

५१. अर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिको हालसम्मको उपलब्धि र बाँकी अवधिको कार्यान्वयनबाट मुद्रास्फीतिदरमा केही कमी आउने, शोधनान्तर स्थिति सुदृढ रहने र बैंक तथा वित्तीय संस्थाहरुको सबलता एवम् सुशासनमा अभिवृद्धि भई वित्तीय स्थायित्व कायम हुने अपेक्षा गरिएको छ । त्यसैगरी, शाखा विस्तार सम्बन्धी व्यवस्था, उत्पादनशील क्षेत्र कर्जा, पुनरकर्जा र विपन्नवर्ग कर्जा कार्यक्रमहरुबाट वित्तीय पहूँच अभिवृद्धि हुँदै जानुको साथै उत्पादन, रोजगारी र निर्यात प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा रहेको छ ।

५२. आर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिमा उल्लेखित व्यवस्थाहरुको ६ महिनासम्ममा भएको प्रगति विवरणको समीक्षा-तालिका अनुसूचीमा संलग्न गरिएको छ । प्रस्तुत मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षाको पूर्ण अंश यस बैंकको वेभसाइट (www.nrb.org.np) मा राखिएको छ । यसमा समावेश भएका नीतिगत व्यवस्था तथा कार्यक्रमहरुको कार्यान्वयनमा हालसम्म सहयोग पुऱ्याउनु हुने सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सदाझै सहयोग मिल्ने अपेक्षा यस बैंकले लिएको छ ।

धन्यवाद !